सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

KHABAR DARPAN PRIMARY

CURRENT ACCOUNT • 2337087445300018

prabhu Bank

तपाई जुन सुकै ठाउँमा भए पनि हामीलाई सामग्री पठाएर । विज्ञापन वापतको रकम जम्मा गरेको स्क्रिनसट पठाउनुस् । हामी विज्ञापन गरी दिन्छौं ।

♦ वर्ष ९ ♦ अंक ३३२ ♦ २०८३ साल भदौ ६ शनिवार ♦ 22 Aug 2026 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

## कांग्रेस मधेश सभापतिको कार्यवाहक जिम्मेवारी उपसभापति यादवलाई



**खबर दर्पण समाचारदाता**

**भदौ ५ गते, बर्दिवास**

नेपाली कांग्रेस मधेश प्रदेशका सभापति एवं मधेश प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादवले पार्टीको कार्यवाहक सभापतिको जिम्मेवारी उपसभापति चन्द्रेश्वर कुमार यादवलाई दिएका छन् ।

मुख्यमन्त्रीका रूपमा आफ्नो व्यस्तता बढेकाले पार्टी संगठनका नियमित गतिविधि तथा कार्यसमितिको कामलाई निरन्तरता दिन उपसभापति यादवलाई कार्यवाहक सभापतिको जिम्मेवारी दिइएको कांग्रेस मधेश प्रदेश प्रचारप्रसार समितिका संयोजक नितिशकुमार गुप्ताले जानकारी दिए ।

सभापति यादवले कांग्रेस विधान २०७६ को ११औँ संशोधनसहितको धारा १३ को उपधारा १०(ड) बमोजिम कार्यवाहक सभापतिको जिम्मेवारी तोकेका हुन् ।

कार्यवाहक सभापतिको जिम्मेवारी पाएसँगै यादवले सभापतिको अनुपस्थितिमा प्रदेश कार्यसमितिका नियमित कामकारबाही, संगठनात्मक गतिविधि तथा आवश्यक निर्णय प्रक्रियालाई पार्टीको विधान, नियमावली र स्थापित पद्धतिअनुसार अघि बढाउनेछन् ।

मुख्यमन्त्रीको जिम्मेवारीसँगै प्रदेश सरकारका काममा व्यस्त हुनुपर्ने अवस्था रहेकाले पार्टी संगठनको काम प्रभावित नहोस् भन्ने उद्देश्यले कार्यवाहक सभापतिको जिम्मेवारी तोकिएको कांग्रेसले जनाएको छ ।

## मधेश प्रदेशका कार्यवाहक मुख्यमन्त्रीको जिम्मेवारीमा पूर्वाधार विकास मन्त्री मो. समिर



**खबर दर्पण समाचारदाता**

**भदौ ५ गते, बर्दिवास**

मधेश प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादवले आफू नेपालबाहिर जाने भएपछि भौतिक पूर्वाधार विकास मन्त्री मो. समिरलाई कार्यवाहक मुख्यमन्त्रीको जिम्मेवारी तोकेका छन् ।

मुख्यमन्त्री यादवले मन्त्री समिरलाई पत्र पठाउँदै धार्मिक प्रयोजनका लागि नेपालबाहिर जानुपर्ने भएकाले आफू फर्किएर नआउन्जेलसम्मका लागि कार्यवाहक मुख्यमन्त्रीको जिम्मेवारी दिएको जानकारी गराएका हुन् ।

मुख्यमन्त्री यादवले मधेश प्रदेश सरकार (कार्यसम्पादन) नियमावली, २०८० को नियम १४ को उपनियम (३) बमोजिम मन्त्री समिरलाई कार्यवाहक मुख्यमन्त्री तोकेको पत्रमा उल्लेख गरेका छन् ।

मुख्यमन्त्री यादवले २०८३ साल भदौ ६ गतेदेखि आफू स्वदेश नफर्किएसम्म समिरले कार्यवाहक मुख्यमन्त्रीका रूपमा प्रदेश सरकारको नेतृत्व गर्नेछन् ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले कार्यवाहक मुख्यमन्त्री तोकिएको जानकारी प्रदेश प्रमुखको कार्यालयलाई समेत गराएको छ ।

मन्त्री समिरलाई कार्यवाहक मुख्यमन्त्रीको जिम्मेवारी दिइएसँगै मुख्यमन्त्री यादवको अनुपस्थितिमा प्रदेश सरकारका नियमित प्रशासनिक तथा कार्यकारी कामकारबाही अघि बढाउने जिम्मेवारी उनको काँधमा आएको छ ।

## अत्यधिक गर्मीले मधेशको जनजीवन प्रभावित

**खबर दर्पण समाचारदाता**

**भदौ ५ गते, बर्दिवास**



मनसुनको समय भए पनि पर्याप्त वर्षा नहुँदा मधेश प्रदेशमा गर्मी चर्किएको छ । पछिल्ला दिनमा तापक्रम निरन्तर बढेपछि जनकपुरधामसहित मधेशका विभिन्न जिल्लाको जनजीवन प्रभावित बन्न थालेको छ ।

अत्यधिक गर्मीका कारण दिउँसोको समयमा सडक तथा बजार क्षेत्रमा मानिसको आवागमन घटेको छ । अत्यावश्यक कामबाहेक सर्वसाधारण घरबाट बाहिर निस्कन कम गरेका छन् ।

यसले व्यापारिक गतिविधिमा समेत असर पारेको व्यवसायीहरूले बताएका छन् । विगतमा दिउँसोसम्म भीडभाड देखिने बजार अहिले तुलनात्मक रूपमा सुनसान देखिन थालेका छन् ।

गर्मीको असर जनकपुरधामका धार्मिक तथा पर्यटकीय स्थलमा समेत परेको छ। जानकी मन्दिर , राम मन्दिर, विवाहमण्डप लगायतका क्षेत्रमा दर्शनार्थी तथा पर्यटकको चहलपहल घटेको स्थानीय व्यवसायीहरूको भनाइ छ। विशेषगरी दिउँसोको चर्को घाममा पर्यटक तथा दर्शनार्थीको संख्या निकै न्यून हुने गरेको उनीहरू बताउँछन् ।

अत्यधिक गर्मीबाट बालबालिका, वृद्धवृद्धा तथा खुला स्थानमा काम गर्ने श्रमिक बढी प्रभावित भएका छन् । लामो समय घाममा काम गर्दा शरीरमा पानी र लवणको कमी हुने तथा टाउको दुख्ने, चक्कर लाग्ने, कमजोरी महसुस हुने र अत्यधिक पसिना आउनेजस्ता समस्या देखिन सक्ने चिकित्सकहरू बताउँछन् ।

गर्मीबाट जोगिन पर्याप्त पानी तथा झोल पदार्थ सेवन गर्न, सकेसम्म दिउँसोको चर्को घाममा बाहिर ननिस्कन र बाहिर काम गर्नुपर्ने अवस्थामा आवश्यक सावधानी अपनाउन चिकित्सकहरूले सुझाव दिएका छन् ।

मनसुन सक्रिय रहे पनि मधेशका धेरै भूभागमा अपेक्षाअनुसार वर्षा हुन नसक्दा गर्मी थप बढेको हो ।

वर्षा नहुँदै जाने हो भने आगामी दिनमा गर्मीको प्रभाव अझ बढ्न सक्ने भन्दै स्थानीयवासी चिन्तित भएका छन् ।

## मधेश प्रदेशसभाको सातौं अधिवेशन अन्त्य

**खबर दर्पण समाचारदाता**

**भदौ ५ गते, बर्दिवास**

मधेश प्रदेशसभाको चालु सातौं अधिवेशन शुक्रबार राति १२ बजेदेखि अन्त्य भएको छ ।

मधेश प्रदेश सरकारको मन्त्रिपरिषद्ले गरेको सिफारिसका आधारमा प्रदेश प्रमुख डा. सुरेन्द्र लाभ कर्णले नेपालको संविधानको धारा १८३ को उपधारा (२) बमोजिम प्रदेशसभाको सातौं अधिवेशन अन्त्य गरेको प्रदेश प्रमुखको कार्यालयले जनाएको छ ।

प्रदेश प्रमुखको कार्यालयका प्रवक्ता सञ्जिप कुमार दुब्बेले विज्ञप्ति जारी गर्दै मन्त्रिपरिषद्को सिफारिसअनुसार प्रदेश प्रमुख कर्णले अधिवेशन अन्त्य गरेको जानकारी दिए ।

सातौँ अधिवेशनमा प्रदेशसभाका जम्मा १७ वटा बैठक बसेका थिए । ती बैठकमा प्रदेशसभा कुल १७ घण्टा ५९ मिनेट मात्र सञ्चालन भएको प्रदेशसभा सचिवालयको विवरणमा उल्लेख छ ।

प्रदेशसभाको अधिवेशन अन्त्य भएसँगै चालु अधिवेशनमा अघि बढाइएका विधायिकी तथा अन्य संसदीय कामकारबाहीसमेत तत्कालका लागि रोकिएका छन् ।

प्रदेशसभाको आगामी अधिवेशन कहिले आह्वान गर्ने भन्ने विषय भने प्रदेश सरकारको सिफारिस र संवैधानिक प्रक्रियाअनुसार तय हुनेछ ।

खबर दर्पण
राष्ट्रिय दैनिक



# सुख्खामा सहारा बन्दै संरक्षण / पुनर्भरण पोखरी

अजयकुमार साह

**भदौ ५ गते, बर्दिवास**

लामो समयदेखि पर्याप्त वर्षा नहुँदा मधेस प्रदेशका चुरे तथा तराई क्षेत्रमा पानीका स्रोत सुक्दै गएपछि वर्षाको पानी सञ्चित गर्ने संरक्षण तथा जल पुनर्भरण पोखरीको महत्व बढ्न थालेको छ।



चुरे क्षेत्रमा निर्माण गरिएका यस्ता पोखरीले वर्षायाममा बगेर जाने पानीलाई रोक्नुका साथै भूमिगत जल पुनर्भरण, सिँचाइ र पशुपालनका लागि पानीको आधार तयार गरेका छन्।

चुरे क्षेत्रमा प्राकृतिक तथा कृत्रिम गरी दुई सयभन्दा बढी संरक्षण पोखरी निर्माण भएको जनाइएको छ। तीमध्ये धनुषाको मिथिला नगरपालिका-११ र महोत्तरीको बर्दिबास नगर पालिका-३ को सीमाक्षेत्रमा मात्र १ सय ८१ वटा पुनर्भरण पोखरी निर्माण गरिएको छ। ती पोखरीमा करिब १५ करोड लिटर पानी सञ्चित हुने गरेको सामुदायिक विकास तथा पैरवी मञ्चका अध्यक्ष तथा चुरे विज्ञ नागदेव यादवले बताउनुभयो। उहाँका अनुसार ती पोखरीको सकारात्मक प्रभाव तल्लो तटीय क्षेत्रमा समेत देखिएको छ। बर्दिबास नगरपालिका-६, १४, १ तथा पाटु क्षेत्रका नहरमा पानीको उपलब्धता कायम रहेकाले किसानलाई रोपाइँका समयमा पानीको अभाव कम भएको उहाँले बताउनुभयो।

चुरे विज्ञ डा. विजयकुमार सिंहले चुरे क्षेत्रमा संरक्षण गरिएका प्राकृतिक तालतलैया तथा बायोइन्जिनियरिङ प्रविधिबाट निर्माण गरिएका संरचनाले वर्षाको पानीलाई जमिनमा पुनर्भरण गर्न महत्वपूर्ण भूमिका खेलिरहेको बताउनुभयो। उहाँका अनुसार सिरहाको कर्जन्हा नगर पालिका-बन्दीपुरस्थित बाबाताल, सप्तरीको शम्भुनाथ नगरपालिका-२ मा रहेका १५ वटा पोखरी, धनुषाको मिथिला नगरपालिकाको चुरे क्षेत्रमा और ही खोलामा निर्माण गरिएका छ ठूला पोखरी तथा महोत्तरीको बर्दिबास क्षेत्रमा रहेका संरक्षण पोखरीले भूमिगत पानी पुनर्भरणमा योगदान पुऱ्याएका छन्।

"यी सबै जलाशय जलवायु अनुकूलनका प्रभावकारी उपाय हुन्," डा. सिंहले भन्नुभयो। भूमिगत पानीको सतह निरन्तर घट्दै गएपछि राष्ट्रपति चुरे-तराई मधेस संरक्षण विकास समिति तथा वातावरण संरक्षणमा क्रियाशील सङ्घसंस्थाले चुरे क्षेत्रमा जल पुनर्भरण पोखरी निर्माण गर्दै आएका छन्। चुरे दोहन र जलवायु परिवर्तनका कारण पानीका स्रोतमा परेको असर न्यूनीकरण गर्दै तराईका जिल्लामा भविष्यमा हुन सक्ने पानीको चरम अभाव रोक्ने उद्देश्यले यस्ता संरचना निर्माण गरिएका हुन्।



महोत्तरीको बर्दिबास नगर पालिका-३ स्थित जरायोझोरा सामुदायिक वनमा निर्माण गरिएको संरक्षण तथा पुनर्भरण पोखरी यसको उदाहरण हो। वर्षायाममा सञ्चित पानी अहिले स्थानीयले पशुचौपाया तथा करेसाबारीमा प्रयोग गरिरहेका छन्। सौर्य ऊर्जाको प्रयोग गरी पोखरीबाट पानी तानेर सिँचाइमा प्रयोग गर्ने व्यवस्था पनि गरिएको छ।

जरायोझोरामा चरिचरणबाट जोगाएर राखिएको प्राकृतिक पोखरीले पनि पानीको स्रोत संरक्षणमा सहयोग पुऱ्याएको स्थानीयको भनाइ छ। पोखरीसँगै भूक्षय नियन्त्रण र पानीको मुहान संरक्षणका लागि बायोइन्जिनियरिङ प्रविधिबाट विभिन्न संरचना निर्माण गरिएको छ।

बर्दिबास क्षेत्रमा रातुखोलाको भूमिगत जलस्रोतलाई सिँचाइमा उपयोग गर्न कुलो तथा पानी संकलन संरचना निर्माण गरिएको छ। जमिनमुनिबाट सिपेज भएर आएको पानीलाई संकलन गरी सिँचाइमा प्रयोग गरिँदै आएको छ। कालापानी क्षेत्रमा मुहानको पानी सौर्य ऊर्जामार्फत ट्याङ्कीमा संकलन गरी स्थानीय उपयोगमा ल्याइएको छ।

चुरे क्षेत्रमा वर्षायाममा तीव्र गतिमा बगेर जाने पानीलाई रोक्न निर्माण गरिएका बायोइन्जिनियरिङ संरचनाले भूक्षय नियन्त्रणसँगै पानी जमिनमा सोसिन सहयोग गर्ने गरेको विज्ञहरू बताउँछन्। यस्ता संरचनाले चुरेबाट तराईतर्फ बग्ने पानीलाई स्थानीयस्तर मै रोक्ने र भूमिगत जल पुनर्भरण गर्ने आधार तयार गरेका छन्।

यसैगरी धनुषाको मिथिला नगर पालिका-११ बाहुनमारामा बोहरेझोरास्थित मुहानबाट करिब चार किलोमिटर पाइपमार्फत पानी ल्याएर ७८ हजार लिटर क्षमताको इन्टेक निर्माण गरिएको छ। उक्त संरचनाबाट १ सय २८ घरधुरी लाभान्वित भएका छन्।

भङ्गाहा नगरपालिका-६ संग्रामपुर क्षेत्रमा रातुखोला क्षतिग्रस्त भूमि पुनरोत्थान, फलफूल रोपण तथा बगर खेतीसँगै पानीको संरक्षण र उपयोगका कार्यक्रम सञ्चालन गरिएका छन्। स्थानीयस्तरमा माटाका भाँडामा पानी सञ्चय गर्ने परम्परागत अभ्याससमेत अझै कायम रहेको छ।

चुरे तथा तराई क्षेत्रमा भूमिगत पानीको सतह घट्दै जाँदा संरक्षण पोखरी र जल पुनर्भरण संरचना दीर्घकालीन जलस्रोत व्यवस्थापनका महत्वपूर्ण आधार बन्न थालेका छन्। विज्ञहरूका अनुसार चुरे संरक्षण, प्राकृतिक मुहानको सुरक्षा, वर्षाको पानी संकलन र भूमिगत जल पुनर्भरणलाई एकीकृत रूपमा अघि बढाउन सके मधेसमा बढ्दै गएको पानीको संकट न्यूनीकरण गर्न सकिनेछ।

## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिंग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| इलाका प्रशासन कार्यालय वर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्बुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# मधेशमामा आत्महत्या..........

नसकिएको उहाँको भनाइ छ। आत्महत्याको जोखिममा रहेका व्यक्तिलाई समयमै पहिचान गरी आवश्यक मनोसामाजिक परामर्श र सहयोग उपलब्ध गराउन सके धेरै घटना रोक्न सकिने यादवले बताउनुभयो।

आर्थिक कठिनाइ, पारिवारिक तनाव, वैवाहिक तथा सामाजिक समस्या, घरेलु हिंसा, सामाजिक एक्लोपन, मानसिक स्वास्थ्यसम्बन्धी समस्या तथा बालबालिकामा बढ्दो मनोसामाजिक दबाब आत्महत्याको जोखिमसँग जोडिन सक्ने उहाँको भनाइ छ। "आत्महत्यालाई व्यक्तिको कमजोरीका रूपमा मात्र हेर्नु हुँदैन," यादवले भन्नुभयो, "यसलाई सामाजिक तथा सार्वजनिक नीतिको विषयका रूपमा लिएर परिवारदेखि राज्यका सम्बन्धित निकायसम्मले समन्वय गरेर काम गर्नुपर्छ।"

### आठ जिल्लामा ८८ जनचेतनामूलक कार्यक्रम

मधेश प्रदेश प्रहरी कार्यालयका प्रवक्ता एवं प्रहरी वरिष्ठ उपरीक्षक प्रभुप्रसाद ढकालका अनुसार नेपाल प्रहरीले आत्महत्या न्यूनीकरणका लागि विभिन्न जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्दै आएको छ।

गत आर्थिक वर्षमा प्रदेशका आठवटै जिल्लामा आत्महत्या न्यूनीकरणसम्बन्धी ८८ वटा जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिएको उहाँले जानकारी दिनुभयो। यस्ता कार्यक्रमले आत्महत्याको जोखिम तथा रोकथामका उपायबारे नागरिकलाई सचेत गराउन सहयोग पुगेको उहाँको भनाइ छ।

यद्यपि प्रहरीको प्रयास मात्र पर्याप्त नहुने उहाँले बताउनुभयो। आत्महत्या न्यूनीकरणका लागि परिवार, नागरिक समाज, महिला समूह, स्थानीय तहका न्यायिक समिति तथा अन्य सरोकारवाला निकायले समेत सक्रिय भूमिका निर्वाह गर्नुपर्ने उहाँको भनाइ छ।

"प्रहरीले आफ्नो तर्फबाट जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्दै आएको छ," प्रवक्ता ढकालले भन्नुभयो, "तर आत्महत्या न्यूनीकरणका लागि परिवार, स्थानीय तह, नागरिक समाज र अन्य सरोकारवाला निकायको पनि उत्तिकै महत्वपूर्ण भूमिका हुन्छ।"

मधेशमा तीन वर्षको अवधिमा तीन हजारभन्दा बढीले आत्महत्या गरेको तथ्याङ्कले आत्महत्या न्यूनीकरणका लागि प्रहरीका जनचेतनामूलक कार्यक्रमसँगै मानसिक स्वास्थ्य सेवा, मनोसामाजिक परामर्श, पारिवारिक सहयोग तथा समुदायस्तरका कार्यक्रमलाई थप प्रभावकारी बनाउनुपर्ने आवश्यकता औँल्याएको छ।

# नेपाल प्रेस युनियन महोत्तरीको अध्यक्षमा पुनः सन्तोष सिंह

**खबर दर्पण समाचारदाता**

**भदौ ५ गते, बर्दिबास**

नेपाल प्रेस युनियन महोत्तरी शाखाको अध्यक्षमा सन्तोष सिंह पुनः सर्वसम्मत चयन हुनुभएको छ। शुक्रबार बर्दिबासस्थित गौतम होटलमा सम्पन्न युनियनको आठौँ जिल्ला अधिवेशनले सिंहको नेतृत्वमा ११ सदस्यीय नयाँ कार्यसमिति सर्वसम्मत चयन गरेको हो।

अध्यक्षमा पुनः चयन भएपछि सिंहले पत्रकारको पेसागत हकहित, प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको संरक्षण र पत्रकारको क्षमता विकासलाई प्राथमिकतामा राखेर काम गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो। उहाँले पत्रकारिता क्षेत्रलाई थप मर्यादित, जिम्मेवार र व्यावसायिक बनाउन सबै पत्रकारबीच सहकार्य, एकता र समन्वय आवश्यक रहेको बताउनुभयो। "नेपाल प्रेस युनियनलाई अझ बलियो, एकताबद्ध र प्रभावकारी संगठनका रूपमा अघि बढाउनेछौं। पत्रकारका पेसागत समस्या, सुरक्षा र हकहितका विषयमा सम्बन्धित निकायको ध्यानाकर्षण गराउँदै समाधानका लागि निरन्तर पहल गर्नेछौं," उहाँले भन्नुभयो।

अध्यक्ष सिंहले महोत्तरीको पत्रकारिता क्षेत्रको विकासका लागि पत्रकारको क्षमता अभिवृद्धि, तालिम, अध्ययन तथा अनुसन्धानमा जोड दिइने बताउनुभयो। उहाँले पत्रकारिताको व्यावसायिक मर्यादा कायम राख्दै सत्य, तथ्य र निष्पक्षतामा आधारित पत्रकारितालाई प्रोत्साहन गर्ने प्रतिबद्धता पनि व्यक्त गर्नुभयो।

अधिवेशनबाट उपाध्यक्षमा संजितकुमार मण्डल, महिला उपाध्यक्षमा प्रेमाकुमारी धिमिरे, सचिवमा नवीन चौधरी, कोषाध्यक्षमा माधव पौडेल र सहसचिवमा धर्वेन्द्र कुमार यादव (यदुवंशी) सर्वसम्मत चयन हुनुभएको छ।

त्यसैगरी सदस्यमा अनुरागकुमार यादव, रोशनकुमार यादव, मन्जित राम, वैभव चौधरी र पवन राम चयन हुनुभएको छ।

अधिवेशनमा नेपाल पत्रकार महासंघका पूर्वअध्यक्ष धर्मेन्द्र झा, नेपाल प्रेस युनियनका उपाध्यक्ष अनिल कर्ण, महासचिव दिलीप पौडेल, सचिव अजित तिवारी, प्रदेश अध्यक्ष सत्यप्रसाद श्रेष्ठ, अधिवेशन केन्द्रीय प्रतिनिधि सकिन्द्र पासवान, केन्द्रीय सदस्य गणेशराज रिजाल, पूर्वअध्यक्षद्वय रवीन्द्र उप्रेती र कमलेश मण्डललगायतको उपस्थिति थियो।

अधिवेशनमा शाखाका सचिव नवीन चौधरीले प्रस्तुत गर्नुभएको सांगठनिक तथा आर्थिक प्रतिवेदन सर्वसम्मत रूपमा पारित गरिएको थियो।

अधिवेशनले पत्रकारको पेसागत सुरक्षा, प्रेस स्वतन्त्रता, श्रमजीवी पत्रकारको हकहित तथा पत्रकारिता क्षेत्रको संस्थागत विकासका विषयलाई प्राथमिकताका साथ अघि बढाउने निर्णय गरेको छ।

नवनिर्वाचित अध्यक्ष सिंहले नयाँ कार्यसमितिलाई सबै पत्रकारको साझा संस्था बनाउँदै सहकार्य र समन्वयका माध्यमबाट संगठनलाई थप प्रभावकारी बनाउने बताउनुभयो। उहाँले अधिवेशनबाट प्राप्त जिम्मेवारीलाई अवसरसँगै चुनौतीका रूपमा लिँदै सबैको सुझाव, सहयोग र सहकार्यबाट युनियनलाई अघि बढाउने प्रतिबद्धता व्यक्त गर्नुभयो।


**सामाजिक तथा सांस्कृतिक सद्भाव कायम राखौं**

- सबै जाति, धर्म, भाषा, संस्कृति र परम्पराको सम्मान गरौं,
- विविधतामा एकता नेपालको पहिचान हो भन्ने भावना विकास गरौं,
- आपसी सम्मान, सहिष्णुता र भाइचाराको सम्बन्ध बलियो बनाऔं,
- सामाजिक विभेद, घृणा र भेदभाव अन्त्य गर्न योगदान दिऔं,
- चाडपर्व, संस्कार र संस्कृतिलाई सद्भावपूर्वक मनाऔं,
- अफवाह, द्वेषपूर्ण सूचना र गलत प्रचारबाट सचेत बनौं,
- संवाद, सहकार्य र समझदारीबाट समस्या समाधान गरौं,
- समावेशी, शान्तिपूर्ण र सभ्य समाज निर्माणमा योगदान दिऔं।

**सामाजिक तथा सांस्कृतिक सद्भाव, समुन्नत समाजको आधार**

**लक्ष्मीनियाँ गाउँपालिका, धनुषा**

**सर्पको टोकाइबाट बचौं र बचाऔं**

- आफ्नो नजिक सर्पदंश उपचार केन्द्र कहाँ छ ? जानकारी राखौं,
- सर्पले डसेका व्यक्ति आत्तिन सक्छन्, सान्त्वना दिऔं,
- सर्पले डसेका व्यक्तिलाई तुरुन्त अस्पताल वा सर्पदंश उपचार केन्द्र पुऱ्याऔं,
- झारफूकलगायतका गलत परम्परागत उपचार विधितिर नलागौं,
- घरवरपरका सर्प बस्नसक्ने सम्भावित ठाउँको पहिचान गरी व्यवस्थापन गरौं,
- रातको समयमा बुट लगाएर टर्च लाईट बालेर हिड्ने गरौं,
- घरमा सर्प छिर्न सक्ने प्वालहरु बन्द गरौं,
- झुल लगाएर खाटमा सुत्ने गरौं।

**गणेशमान चारनाथ नगरपालिका, धनुषा**



# मधेशमा आत्महत्या चिन्ताजनक :

# मधेशमा तीन वर्षमा तीन हजार २७३ आत्महत्या, ७६८ बालबालिका

लक्ष्मी चौधरी

**भदौ ५ गते, जनकपुरधाम**

मधेश प्रदेशमा आत्महत्याको अवस्था अझै चिन्ताजनक देखिएको छ। मधेश प्रदेश प्रहरी कार्यालय, जनकपुरधामको तथ्याङ्कअनुसार आर्थिक वर्ष २०८०/८१ देखि २०८२/८३ को असार मसान्तसम्म प्रदेशका आठ जिल्लामा तीन हजार २७३ जनाले आत्महत्या गरेका छन्। तीन वर्षको अवधिमा आत्महत्या गर्नेमा एक हजार २७५ पुरुष, एक हजार २३० महिला, ६०८ बालिका र १६० बालक रहेका छन्। तथ्याङ्कले आत्महत्याका घटना समग्रमा घट्दो क्रममा देखिए पनि बालबालिकासहित आत्महत्या गर्नेको सङ्ख्या अझै उच्च रहेकाले यसलाई गम्भीर सामाजिक तथा जनस्वास्थ्य समस्याका रूपमा लिनुपर्ने देखिएको छ।

मधेश प्रदेश प्रहरी कार्यालयका अनुसार आर्थिक वर्ष २०८२/८३ मा आत्महत्या गर्नेको सङ्ख्या ७५२ रहेको छ। यसमध्ये २७१ पुरुष, २९१ महिला, २८ बालक र १६२ बालिका रहेका छन्।
यस्तै, आर्थिक वर्ष २०८१/८२ मा एक हजार २५० जनाले आत्महत्या गरेका थिए। उक्त वर्ष ४६७ पुरुष, ४७३ महिला, ६५ बालक र २४५ बालिकाले आत्महत्या गरेका थिए।

आर्थिक वर्ष २०८०/८१ मा भने सबैभन्दा बढी एक हजार २७१ जनाले आत्महत्या गरेका थिए। त्यसमध्ये ५३७ पुरुष, ४६६ महिला, ६७ बालक र २०१ बालिका थिए।

## सर्लाहीमा सबैभन्दा बढी

तीन वर्षको अवधिमा जिल्लागत रूपमा हेर्दा सर्लाहीमा सबैभन्दा बढी ५१६ जनाले आत्महत्या गरेका छन्। त्यसपछि सिरहामा ५०१, धनुषामा ४८३, रौतहटमा ४२६, बारामा ३८०, महोत्तरीमा ३४५, सप्तरीमा ३२३ र पर्सामा २९९ जनाले आत्महत्या गरेका छन्।

बालबालिकासम्बन्धी तथ्याङ्क पनि उत्तिकै चिन्ताजनक छ। तीन वर्षमा आत्महत्या गर्ने ७६८ बालबालिकामध्ये ६०८ बालिका र १६० बालक रहेका छन्। जिल्लागत विवरणअनुसार रौतहटमा मात्रै तीन वर्षको अवधिमा ११५ बालिकाले आत्महत्या गरेका छन्।



बालबालिकामा आत्महत्याको प्रवृत्ति बढ्नुका कारणबारे थप अध्ययन र विश्लेषण आवश्यक रहेको सरोकारवालाहरूको भनाइ छ।

धनुषाको धनौजी गाउँपालिकाका मनोपरामर्शदाता शिवशंकर यादवका अनुसार पारिवारिक वातावरण, अध्ययनको दबाब, सामाजिक तथा मनोसामाजिक समस्या, सम्बन्धमा आउने तनावलगायत विभिन्न कारणले बालबालिकाको मानसिक स्वास्थ्यमा असर पार्न सक्छ।
उहाँले मधेशमा आत्महत्या व्यक्तिगत समस्यामा मात्र सीमित नभई गम्भीर सामाजिक तथा जनस्वास्थ्य चुनौतीका रूपमा देखिएको बताउनुभयो। पछिल्लो वर्ष आत्महत्याका घटना केही हदसम्म घटे पनि यसलाई पूर्ण रूपमा रोक्न

*बाँकी पृष्ठ ३ मा*

नेपाल सरकार
उद्योग बाणिज्य तथा आपूर्ति मन्त्रालय

**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**लिक्विडेटर कार्यालयको हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन बमोजीम मिति २०७६।०१।२५ मा दर्ता भएको प्रा.लि.नं २१४६८७ भएको लक्की पोल्ट्री एण्ड फार्मिङ्ग (प्रा.ली.) को २०८३।०५।०५ मा सम्पन्न विशेष साधारण सभाको विशेष निर्णयले कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय भएकाले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमका लेनदेन बाँकी बक्यौता रहेको भए यो सुचना प्रकाशित गरिएको मितिले ३५ दिन भित्रमा निम्न लिखित लिक्विडेटर कार्यालयमा हकदाबी गने सम्बन्धमा सबैको जानकारीको लागी यो सुचना जारी गरिएको छ ।

लिक्विडेटर: गंगा प्रसाद भेटवाल प्र.प.नं.४९८
कीर्तिपुर न.पा.वडा न. ०४ ,काठमान्डौ
सम्पर्क नम्वर:९८४९७१४८६७

नेपाल सरकार
उद्योग बाणिज्य तथा आपूर्ति मन्त्रालय

**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**लिक्विडेटर कार्यालयको हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन बमोजीम मिति २०७४।०४।०४ मा दर्ता भएको प्रा.लि.नं.१७११५६ भएको बिग फिस इन्टर प्राइजेज (प्रा.ली.) को २०८३।०५।०५ मा सम्पन्न विशेष साधारण सभाको विशेष निर्णयले कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय भएकाले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमका लेनदेन बाँकी बक्यौता रहेको भए यो सुचना प्रकाशित गरिएको मितिले ३५ दिन भित्रमा निम्न लिखित लिक्विडेटर कार्यालयमा हकदाबी गने सम्बन्धमा सबैको जानकारीको लागी यो सुचना जारी गरिएको छ ।

लिक्विडेटर: गंगा प्रसाद भेटवाल प्र.प.नं.४९८
कीर्तिपुर न.पा.वडा न. ०४ ,काठमान्डौ
सम्पर्क नम्वर:९८४९७१४८६७

**सचेत उपभोक्ता बनौं**

**सामान खरिद गर्दा देहायका बिषय एकिन गरौः**
- उत्पादकको नाम, ठेगाना र दर्ता नम्बर,
- वस्तुको उत्पादन मिति र उपभोग गरिसक्नुपर्ने मिति,
- आयातित वस्तुको हकमा आयातकर्ताको नाम, ठेगाना,
- वस्तुमा भएको मिश्रण, तौल र परिमाण,
- वस्तुको अधिकतम् बिक्री मूल्य,
- गुणस्तर निर्धारण भएको वस्तुको हकमा त्यस्तो वस्तुको गुणस्तर,
- वस्तुको प्रयोग गर्ने तरीका र प्रयोग गर्नु पूर्वको सावधानी।

**सामान खरिद गर्दा सकेसम्म बैकिङ माध्यमबाट भुक्तानी गरौं**
**भुक्तानी गरेको मूल्य बराबरको बिल लिऔं**

**रामगोपालपुर नगरपालिका, महोत्तरी**

**स्वच्छ शहरः स्वस्थ्य शहर**

- धुवाँ बढी फाल्ने सवारी साधनको प्रयोग नगरौं,
- सवारी साधनको समय-समयमा मर्मतसम्भार गरौं,
- तोकिएको स्थानमा मात्र फोहोर फालौं,
- नदी किनार, सडक छेउ र सार्वजनिक स्थानमा वृक्षारोपण गरौं,
- सार्वजनिक स्थलका बोट-बिरुवा तथा फलफूलको संरक्षण गरौं,
- ध्वनि र वायु प्रदुषण कम गरौं,
- सडकको समय-समयमा मर्मतसम्भार गरौं,
- सडकमा निर्माण सामग्री नराखौं।

**शहरलाई सफा राखौः सुन्दर बनाऔं।**

**गौशाला नगरपालिका, महोत्तरी**

**बर्डफ्लुजन्य जोखिमबाट सुरक्षित बनौं**

- कुखुरा तथा पन्छीपालनमा सुरक्षा तथा सावधानीका उपाय अपनाऔं,
- अस्वस्थ वा मरेका पन्छीको सम्पर्कबाट टाढा रहौं,
- पन्छी छोएपछि साबुनपानीले राम्रोसँग हात धुने बानी बसालौं,
- कुखुरा तथा अण्डा राम्ररी पकाएर मात्र खाने गरौं,
- पन्छीपालन क्षेत्र र वरपरको वातावरण सफा राखौं,
- शंकास्पद लक्षण देखिए वा पन्छी मरेमा सम्बन्धित निकायलाई जानकारी गराऔं,
- पन्छीको अवैध ओसारपसार र बिक्री वितरण रोक्न सहयोग गरौं,
- स्वास्थ्य सुरक्षाका उपाय अपनाई रोगको जोखिम घटाऔं।

**सावधानी अपनाऔं, बर्डफ्लुको जोखिम घटाऔं**

**मटिहानी नगरपालिका, महोत्तरी**

**कृषि उत्पादनमा आत्मनिर्भर बनौं**

- आधुनिक प्रविधिको प्रयोग गरी कृषि उत्पादन वृद्धि गरौं,
- कृषकलाई आवश्यक मल, वीउ समयमै उपलब्ध गराऔं,
- स्थानीय उत्पादनलाई बजारसम्म पुऱ्याउन बजार संयन्त्रको विकास गरौं,
- कृषकलाई सीप, तालिम र सहुलियतपूर्ण ऋण उपलब्ध गराऔं,
- जमिनको संरक्षण गरौं, खेतीयोग्य भूमिको सदुपयोग गरौं,
- कृषि उत्पादन बढाऔं र कृषि उपजमा आत्मनिर्भर बनौं,
- नवीन प्रविधि र अवसर उपलब्ध गराई युवाहरूलाई कृषिमा आकर्षित गरौं।

**कृषि पेशा प्रति सम्मान र गौरव गरौं।**

**औरही नगरपालिका, महोत्तरी**

खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्केन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,